गोरखापत्र

# फौजदारी अदालतमाथिको अपेक्षा

हालैको लोकतान्त्रिक आन्दोलनले पुनःस्थापना गरेको प्रतिनिधिसभाले एकपछि अर्को गर्दै थुप्रै ऐतिहासिक र अग्रगामी निर्णयहरू गर्दै आएको छ। बदलिँदो परिस्थितिभित्र जनमतको नेतृत्वदायी संस्था र आन्दोलनमार्फत् अभिव्यक्त चाहनाको मूर्त-स्थल मानिएको प्रतिनिधिसभाको मङ्गलबारको बैठकले अन्तर्राष्ट्रिय फौजदारी अदालत रोम विधानलाई नेपाल सरकारले अनुमोदन गर्नुपर्छ भन्ने सङ्कल्प प्रस्तावलाई सर्वसम्मतिले पारित गरेपछि त्यो छुट्टै र महत्वपूर्ण उपलब्धिका रूपमा देखिएको पाइन्छ। त्यति मात्र होइन अन्तर्राष्ट्रिय फौजदारी अदालत रोम विधान अनुमोदनका लागि प्रतिनिधिसभाले नेपाल सरकारलाई निर्देशसमेत जारी गरिसकेको परिस्थितिलाई हेर्ने हो भने अब मुलुक मानवताविरुद्धको कुनै पनि अपराधविरुद्ध स्पष्ट अडानमा देखिएको र देखापर्ने कुरामा शङ्का नै रहँदैन। नेपालमा मानव अधिकार र लोकतन्त्रको संस्थागत विकासका लागि अनुमोदन नगरी नहुने जस्तै मानिएको सो विधानप्रति जनप्रतिनिधिहरूले देखाएको चासो वास्तवमा नै स्तुत्य-सन्दर्भ हो भन्नैपर्छ। १३९ मुलुकले विधानको समर्थनमा हस्ताक्षर गरिसकेको, १०० राष्ट्र विधानको पक्षधर रहेको र ६५ भन्दा बढी राष्ट्रले अनुमोदन गरिसकेको सो विधानको औचित्य र आवश्यकता पुष्ट्याईं तिनै आधारमा मात्र हुने विश्वव्यापी रूपमा स्वीकारिँदै आइएको दण्डहीनताको अन्त्य र कानुनी शासनको पक्षमा समेत अपरिहार्य भएको वास्तविकतालाई हेर्ने हो भने प्रतिनिधिसभामार्फत् उठाइएको यस सन्दर्भले नवनेपालको अपेक्षालाई समेत सम्बोधन गर्ने विश्वास गर्न सकिन्छ। १ जुलाई २००२ देखि अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना भई सञ्चालित हुँदै आएको परिस्थितिलाई दृष्टिगत गर्दा यसपटक प्रतिनिधिसभामार्फत् पारित सङ्कल्प प्रस्तावले केही ढिलो भए पनि गतिलै काम गरेको प्रतीत हुन्छ। अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापनाताका मुलुकको राजनीतिक अवस्था प्रतिकूल स्थितिमा भएकाले यथासमयमा नै त्यससँगको संलग्नता र सामीप्य-बोध हामीले गर्न नपाए पनि यतिखेर त्यसैसँग जोडिने अवसर जुट्नुलाई सकारात्मक प्राप्ति नै मान्नुपर्छ।

यसैबीच प्रतिनिधिसभामा फौजदारी अदालतसम्बन्धी सङ्कल्प प्रस्ताव प्रतिनिधिसभामा प्रस्तुत गर्ने बेलामा भाग लिँदै अधिकांश जनप्रतिनिधिहरूले मुलुकमा दण्डहीनताको अन्त्य र कानुनीराज्य स्थापनाका लागि उक्त विधानमाथि नेपालले अनुमोदन गर्नुपर्ने कुरामा जोड दिनुभएको यथार्थलाई यसक्षण स्मरण गर्नैपर्छ। खासगरी राज्य संयन्त्र र पहुँचबाट 'दण्ड' दिन नसक्ने परिस्थितिम अन्तर्राष्ट्रिय सम्पर्क र समर्थन जुटाउनुपर्ने अवस्थामा अपरिहार्य जस्तै मानिएक सो विधानप्रतिको हाम्रो सङ्कल्प र अनुमोदन भनेको राष्ट्रिय हितका पक्षम देखाएको प्रतिबद्धता हुने तथ्यलाई हामीले बिर्सनु हुँदैन। व्यक्ति जहाँसुकै जुनसुकै परिवेशमा होस् तर उद्धारा गरिएको अपराधकर्मलाई दण्डित तुल्याउन भूगोल-सीमा बाधक बन्नुहुँदैन। आजको विश्वजनमत यसप्रति ऐक्यबद्ध क्रियाशील छ नै। सोही तथ्यलाई उपप्रधानमन्त्री के.पी. शर्मा ओलीले समे प्रस्ट्याउनु भएको छ। प्रतिनिधिसभामा प्रस्तुत प्रस्तावमाथिको छलफलम उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै उपप्रधानमन्त्री ओलीले नेपाल अन्तर्राष्ट्रि अदालतको पक्षमा रहेको र केही महासन्धिअन्तर्गत उत्पन्न हुने विवादम नेपालले सो अदालतको स्वेच्छिक क्षेत्र अधिकारलाई स्वीकार गरेको बताउनुभए छ। जसलाई विभिन्न देशमा भएका युद्ध अपराध सम्बन्धमा सुनुवाइ ग संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट स्थापना भएका अन्तर्राष्ट्रि न्यायाधीकरणहरूले समेत नेपाललाई स्वागत गरिएको बताइन्छ। यसप्रका हेर्ने हो भने प्रतिनिधिसभाले यसपटक अन्तर्राष्ट्रिय फौजदारी अदालत रो विधानलाई नेपाल सरकारले अनुमोदन गर्नुपर्छ भन्ने सङ्कल्प प्रस्ताव पा गरेर समसामयिक, सान्दर्भिक र समयसापेक्ष आवश्यकताभित्र आफूला उभ्याएको पाइन्छ।

गो. प. ०६३।०५।११